# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, फागुन ७ गते २०५८ साल (पूर्वातिरिक्ताङ्क ७८ (क)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा २०५८ साल फागुन ७ गते देशवासीका नाममा बक्सेको सन्देश**

प्यारा देशवासीहरू,

आज हामी ५२ औं राष्ट्रिय प्रजातन्त्र दिवस मनाउन लागिरहेका छौं । यस ऐतिहासिक दिनमा प्रजातन्त्रका प्रवर्तक पूज्य जिज्यूबुवाज्यू श्री ५ त्रिभुवन तथा प्रजातन्त्रका लागि आफ्नो जीवन उत्सर्ग गर्ने वीर शहीदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छौं ।

संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको माध्यमबाट मुलुकको सर्वाङ्गीण विकास गर्ने जनचाहना अनुरूप नेपाल अधिराज्यको संविधान, २०४७ लागू भएको सर्वविदित छ। जनताले प्रजातन्त्रको फलको प्रत्यक्ष अनुभूति गर्न पाए मात्र प्रजातन्त्र फुल्छ, फस्टाउँछ । त्यसले एकआपसमा शङ्का-उपशङ्का र आरोप

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9265

प्रत्यारोप नगरी शुद्ध नैतिक आचरण, इमानदारीपूर्ण प्रयासहरूद्वारा प्रजातन्त्रलाई सार्थकता प्रदान गर्ने कार्यमा हामी सबै निष्ठापूर्वक समेटिनुपरेको छ । "म" भन्ने भावनालाई त्यागी "हामी" भन्ने भावना लिई राष्ट्रभक्तिमा समर्पित हुनु नै प्रजातन्त्रको सरल अभ्यास हो ।

शान्ति, मेलमिलाप र स्थिरताबाट मात्र नेपाल र नेपालीको हित हुने कुरा निर्विवाद छ । हामीले सदा यिनलाई नै सर्वोपरी महत्त्व दिई आएका छौं । देशमा केही समय यता व्याप्त हिंसा र विध्वंसको शृङ्खलालाई रोकी वार्ताको माध्यमबाट स्थायी शान्ति कायम गर्ने नेपालीको चाहनाअनुरूप आशापूर्ण प्रयास सुरु भएको छ । शान्ति हाम्रो आवश्यकता हो, बहुदलीय प्रजातन्त्र हाम्रो प्रतिबद्धता हो, देशभक्ति नै हाम्रो आधार हो र नेपालीलाई सुखी बनाउने सङ्कल्प नै हाम्रो राजनीतिको धर्म हो । तसर्थ सबै राजनीतिक दलहरू, नागरिक समाज र सम्पूर्ण देशवासीहरूले आपसमा समझदारी र सहअस्तित्व कायम गरेर शान्त तथा समुन्नत नव नेपालको सिर्जना गर्न समर्पित हुनुपरेको छ । आजको यस दिनले सबै नेपालीलाई यस दिशातर्फ उन्मुख हुन प्रेरणा देओस्- यही हाम्रो कामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुमबक्से बमोजिम,
मो.सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।